International Research Journal of MMC (IRJMMC)
ISSN 2717-4999 (Online) | 2717-4980 (Print)
Volume 6, Issue 1 │ March 2025

# अविश्रान्त उपन्यासमा नारी स्वतन्त्रता (Women's Freedom in the Novel *Avishrant)*

माया अर्याल उपाध्याय (Maya Aryal Upadhyaya)

**Corresponding Author**
Maya Aryal Upadhyaya
Email: upadhyayamaya217@gmail.com

**To Cite this article:** Aryal Upadhyaya, M. अविश्रान्त उपन्यासमा नारी स्वतन्त्रता (Women's Freedom in the Novel Avishrant). *International Research Journal of MMC*, *6*(1), 282–296. https://doi.org/10.3126/irjmmc.v6i1.78169

**Submitted**: 10 March 2025 **Accepted:** 27 March 2025 **Published:** 31 March 2025

## लेखसार

प्रस्तुत अध्ययन अम्बिका अर्यालको अविश्रान्त उपन्यासमा नारी स्वतन्त्रता अध्ययनसँग सम्बन्धित रहेको छ । नारीहरूमाथि हुने शोषण, दमनको विरोद गर्दै नारी हक, हितका पक्षमा वकालत गर्ने अवधारणमा आधारित वाद नारीवाद हो । यस उपन्यासमा के कस्तो नारी स्वतन्त्रता रहेको छ भन्ने प्राज्ञिक समस्या समाधान गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो । यस अध्ययनबाट अविश्रान्त उपन्यासका नारी पात्रहरूमा नारी स्वतन्त्रताको चेतना सशक्त रूपमा आएको निष्कर्ष निकालिएको छ । प्रस्तुत उपन्यासमा नारीमाथि हुने गरेका हिंसायुक्त कार्यका विरुद्ध विद्रोही तथा प्रतिरोधी स्वरहरू पनि सशक्त रूपमा आएका छन् । सबैजसो नारी पात्रहरूमा नारीका उत्पीडनलाई नै विषयवस्तुको केन्द्र बनाइएको छ । नारीका पक्षमा वकालत गरिएको यस उपन्यासले समग्र नारी स्वतन्त्रताको चेतना थपिदिएको निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी:*** अस्तित्व, चेतना, नारीवाद, पितृसत्ता, प्रतिरोधी, लैङ्गिकता

## Abstract

The present study is related to the study of women's freedom in Ambika Aryal's novel. Feminism is based on the concept of advocating for women's rights and interests while opposing the exploitation and oppression of women. The main purpose of this study is to solve the academic problem of what kind of women's freedom is in this novel. This study has concluded that the consciousness of women's freedom has come strongly in the female characters of the novel. In the present novel, rebellious and resistant voices have also come out strongly against the acts of violence against women. In most of the female characters, the oppression of women has been made the center of the theme. It has been concluded that this novel advocating for women has added awareness of overall women's freedom.



©2025 The Author(s).

**Keywords:** existence, consciousness, feminism, patriarchy, resistance, gender

## १. विषय परिचय

नारीवादी उपन्यासकार अम्बिका अर्यालका अविश्रान्त (२०७५) उपन्यास र भावदीप (२०८१) मुक्तकसङ्ग्रह प्रकाशित छन् । प्रस्तुत उपन्यासमा अर्यालले नारी पात्रमार्फत् समाजमा रहेका विकृति, विसङ्गति तथा नारीप्रति हुने हिंसात्मक व्यवहारको विरोध गर्दै नारी हक, हित तथा स्वतन्त्रताको आवाज उठाएकी छन् । अर्यालको उपन्यासमा नारी स्वतन्त्रताको वकालत गर्ने क्रममा पुरुष पात्रलाई पाखा लगाइएको छैन । उनको उपन्यासमा पुरुष वर्गले भोग्नु परेका पीडाहरू पनि समावेश गरिएको छ । अविश्रान्त उपन्यासमा नारी, पुरुष एक आपसमा मिलेर अगाडि बढ्दै गर्दा नारी र पुरुषको भावनात्मक अभिव्यक्तिमा सहृदयता उत्पन्न भएको पाउन सकिन्छ । यो उपन्यासले पाठकलाई नारी स्वतन्त्रताका लागि पुरुषलाई पछाडि राखेर होइन नारी, पुरुष मिलेर अगाडि बढ्नुपर्छ भन्ने सोच्न बाध्य बनाउँछ । प्रस्तुत उपन्यासमा समाजमा रहेका विकृति, विसङ्गति, नारी उत्पीडन र समग्र नारीका समस्याहरूलाई विषयवस्तु बनाएको छ ।

अर्यालको उपन्यासमा विभिन्न समालोचकहरूले विश्लेषण गरेका छन् । लामा (२०७५) ले 'लोकापर्ण कार्यक्रम' बन्दीपुर टाइम्स नामक अनलाइन पत्रिकामा अविश्रान्त प्रस्तुत उपन्यासमा प्रयुक्त नारीवादी चेतनाको विश्लेषण गरेकी छन् भने धरावासी (२०७५) ले उपन्यासमा रहेका समाजका यथार्थ पात्रहरूको जीवन्त घटना प्रस्तुत भएको कुरा बताएका छन् । श्रेष्ठ (२०७५) ले अविश्रान्त उपन्यासलाई नारीवादी दृष्टिले समालोचना गरेका छन् । ध्रुवचन्द्र गौतम (२०७५) ले उपन्यासमा रहेको शाश्वत प्रेमका विषयमा चर्चा गरेका छन् । लक्ष्मण गौतम (२०७५) ले उपन्यास मूलतः प्रेमकै केन्द्रमा रहेको उल्लेख गरेका छन् । बास्तोला (२०७५) ले कलेज जीवनमा आएका साना–साना कुराहरूलाई कलात्मक तरिकाले प्रस्तुत गरेको विचार व्यक्त गरेका छन् । देवकोटा (२०७७) र राई (२०७७) ले प्रस्तुत उपन्यासमाथि स्नातकोत्तर तहको शोधपत्र लेखेका छन् तर प्रस्तुत उपन्यासमा रहेको नारी स्वतन्त्रतामाथि कसैले पनि अध्ययन नगरेका हुँदा यस शोधलेखमा अविश्रान्त उपन्यासमा नारी स्वतन्त्रतामाथि विश्लेषण गरिएको छ ।

उपन्यासकार अर्यालको प्रस्तुत उपन्यासमा विभिन्न नारी पात्रहरूका माध्यमद्वारा नारी स्वतन्त्रता प्राप्त गर्न घरपरिवार, समाज, तथा राष्ट्रमा हुने अन्याय, अत्याचार, शोषण, दमन र हिंसाजन्य व्यवहारको विरोध गर्दै नारी स्वतन्त्रताको वकालत गर्दछ । पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू सधैं पीडित हुन्छन् । जसको प्रमुख कारण पुरुष संरचनामा आधारित व्यवस्थाको कारण नै हो । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष शोषक र नारी शोषित वर्गका रूपमा रहन्छन् । यसो भनी रहँदा पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू पुरुषका कारण मात्रै हिंसात्मक व्यवहारमा पर्दैनन् । यस कुरालाई उपन्यासकारले उपन्यासमा कलात्मक ढङ्गले प्रस्तुत गरेकी छन् । यस कुरालाई हेर्दा पनि समाजमा लैङ्गिक हिंसात्मक गतिविधिहरू बढ्दै जानुमा पुरुषको मात्रै हात नभएर पितृसत्तात्मक सामाजिक संरचनाले थिचेका नारीहरूको सोचमा पितृसत्तात्मक परम्पराले जरा गाडेको देख्न सकिन्छ । त्यसैले नारी स्वतन्त्रताका निम्ति पुरुष मात्र वाधक नभएर स्वयम् नारीहरू पनि वाधक रहेको कुरा प्रस्ट हुन्छ । जसको निवारणका लागि पुरुषमा मात्र नभएर नारीमा पनि पितृसत्तात्मक सोचको अन्त्य हुन जरुरी छ ।

धर्म तथा संस्कारका नाममा पितृसत्ताले विभिन्न धार्मिक ग्रन्थहरूको रचना गरी नारीहरू विभिन्न शोषण तथा हिंसाजन्य व्यवहार गर्दै आएको छ । जसको अन्त्यका लागि नारीहरूले स्वतन्त्र अवसरको माग गर्ने क्रममा नारीवादीहरूले विभिन्न समयमा विभिन्न प्रकारका आन्दोलनहरू गर्दै आएका छन् । नारी स्वतन्त्रताका लागि आन्दोलन गर्दै जाँदा विभिन्न नारीवादी धारहरू देखा परेका छन्– उदारवादी नारीवाद, माक्र्सवादी नारीवाद, आमूल नारीवाद आदि । यसै सन्दर्भमा अविश्रान्त उपन्यासमा रहेको नारी स्वतन्त्रताको अध्ययन यसभन्दा अगाडि नभएको हुँदा उदारवादी नारीवादमा केन्द्रीत रहेर यस उपन्यासको विश्लेषण गरिनेछ । नारी स्वतन्त्रता पहिल्याउने क्रममा प्रस्तुत उपन्यासमा नारी स्वतन्त्रता के कसरी अभिव्यक्त भएको छ भन्ने प्राज्ञिक जिज्ञासा समाधान गर्ने उद्देश्य यस शोधलेखमा राखिएको छ । नारी स्वतन्त्रताका पक्षहरू खोजी अध्ययन र विश्लेषण गर्ने कार्यमा यस शोधलेखलाई केन्द्रीत गरिएको छ । अन्य पक्षहरू यस शोधलेखका सीमा रहनेछन् ।

## २. अध्ययन विधि

प्रस्तुत शोधलेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । अम्बिका अर्यालद्वारा लिखित अविश्रान्त उपन्यासलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत उपन्यासका बारेमा तयार पारी प्रकाशन भएका लेख, शोधपत्र तथा समीक्षालाई द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । यस्तै नारीवादी सिद्धान्तसँग सम्बद्ध सामग्रीहरूलाई पनि द्वितीयक स्रोतका सामग्रीका रूपमा लिइएको छ । दुवै स्रोतका सामग्रीलाई पुस्तकालय पद्धतिबाट सङ्कलन गरिएको छ । प्रस्तुत शोधलेखमा अविश्रान्त उपन्यासमा प्रयुक्त नारी स्वतन्त्रताको विश्लेषण तथा सामान्यीकरण गरी निष्कर्षमा पुग्नका लागि नारीवादी सिद्धान्तका मान्यतालाई आधार मानी निगमनात्मक विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधलेखमा उपन्यास विश्लेषणको मूल ढाँचा पाठविश्लेषण पद्धतिमा आधारित गुणात्मक प्रकृतिको रहेको छ ।

### २.१ नारी स्वतन्त्रताको सैद्धान्तिक अवधारणा

प्रकृति, सृष्टिकर्ता, स्त्री, नारी एवम् महिला  विभिन्न नामले नारीलाई चिन्ने गरिन्छ ।  'नारीवाद' महिला आन्दोलनमा सक्रिय भएका महिलाहरूका लागि प्रयोगमा ल्याइएको शब्द हो । यो शब्द सन् १८७१ मा पहिलोपटक प्रयोगमा आएको हो (फ्रिडम्यान, सन् २००२, पृ. २) । सर्वप्रथम सन् १८७१ मा पहिलोपटक प्रयोगमा आएको नारीवादले नारीहरूका हितका लागि काम गर्दछ ।

सदियौंदेखि नारी हक, हितका लागि अगाडि बढेको नारीवाद शब्दले विभिन्न देश र विभिन्न भाषामा विकास हुने अवसर प्राप्त गरेको छ । सन् १८९० देखि महिला आन्दोलनका सन्दर्भमा अङ्ग्रेजी भाषामा पहिलो पटक प्रयोग गरिएको थियो (रमन सेल्डन र अन्य, सन् २००६, पृ. १२५) । नारीवाद शब्दले सन् १८९० मा भएको महिला आन्दोलनका सन्दर्भमा पहिलोपटक अंग्रेजी भाषामा प्रयोग गरिएको नारीवादीहरूको धारणा रहेको छ ।

नारीवादले विभेदजन्य व्यवहारमा परेका नारीहरूलाई अगाडि बढाउने कार्य गर्दछ । सन् १९६० को दशकमा नारीवादी सिद्धान्त र समालोचनाको जन्मपश्चात् नारीवाद भन्ने शब्द प्रयोग नगरीकन यस सन्दर्भका कामहरू विरलै हुन्थे । नारीवाद शब्द अङ्ग्रेजी भाषाको फेमिनिजम शब्दको नेपाली रूपान्तरण हो । नारीवाद त्यस्तो सिद्धान्त हो

जसले नारीलाई मुक्ति दिएर माथि उठाई आत्मनिर्भर बन्न बल प्रदान गर्छ (अधिकारी, २०६८, पृ. ३३)। यसरी हेर्दा नारीवाद भनेको नारीलाई पुरुषसरह हक, अधिकार प्रदान गरी हिंसात्मक व्यवहारबाट छुट्कारा दिलाई अगाडि बढ्न बल प्रदान गराउने साहित्यिक आन्दोलन हो।

नारीवादले नारी स्वतन्त्रताका पक्षमा वकालत गर्दछ। स्वास्नीमान्छेको स्वतन्त्रताका निम्ति उठेका सबैथरी विचारहरूलाई यसले ओगट्दछ (गौतम, २०५९, पृ. ३४४)। लोग्नेमान्छेले आफ्नो वस्तुसरह व्यवहार गर्ने परम्पराको विरोध गर्दै नारी र पुरुषलाई समान व्यवहार गर्नुपर्छ भन्ने मान्यता नारीवादले राख्दछ। नारीवाद नारी हितकै लागि विकास भएको हो। नारीवादले नारी पुरुष बिचको समानता र स्वतन्त्रताको आग्रह राख्छ (पन्त, २०७८, पृ. ३७)। यसले समाजमा नारी र पुरुषको भूमिका समान हुनुपर्छ र नारीहरू पनि पुरुष जस्तै स्वतन्त्र हुनुपर्छ भन्ने धारणा राख्दछ।

समाजमा रहेको महिलाको असमान राजनीतिक परिस्थितिका विरुद्ध प्रश्न उठाउने क्रममा नारीवादको जन्म भएको देखिन्छ। यो महिलाको नागरिकता प्राप्तिका अधिकारसँग पनि जोडिएको छ। त्यसैले महिलाको सामाजिक राजनीतिक हैसियतका बारेको विचार र कर्म नै नारीवाद हो (त्रिपाठी, २०६८, पृ. ५९)। अतः नारीवाद भन्नाले नारी हक, अधिकारका लागि अगाडि बढाइएको अभियान हो। नारीवादले पितृसत्तात्मक व्यवस्थामा महिलाको अवस्था परिवर्तनका लागि संघर्षको आवाज उठाउँछ (सिमोन द बोवुआर, २०७५/अनुवादकः रमेश सुनुवार, पृ.२३,)। नारीमाथि परम्परादेखि नै हुँदैआएको शोषण, उत्पीडन एवम् विभेदजन्य व्यवहारको विरोध गर्दै नारी र पुरुषका बीच समानताको अपेक्षा नै नारीवाद हो। नारीवादले महिलाका स्वतन्त्रताका लागि आवाज उठाउँछ। यसले स्वतन्त्रता, आत्मनिर्भरता र सार्वभौमिकता जस्ता पक्षमा वकालत गर्दछ।

सन् १७७६ को अमेरिकी राज्यक्रान्तिमा चलेको नारीस्वतन्त्रताको पहिलो लहरको आन्दोलन सन् १७८९ को फ्रेन्च राज्यबाट अगाडि बढ्न थालेको देखिन्छ। फ्रेन्च राव्यक्रान्तिको धक्का बेलायतसम्म पुगेपछि केही नारी स्रष्टाहरूका कलम चल्न थालेका थिए। जसको परिणाम स्वरूप सन् १७९२ मा म्यारी वोलस्टोनक्राफ्टको भिन्डिकेसन अफ द राइट्स अफ वोमेन अर्थात् नारी अधिकारको समर्थन वा स्थापना नामक कृति प्रकाशित भयो (गौतम, २०५९, पृ.३६४)। यस कुरालाई हेर्दा पनि नारी नारीवादको सुरुवात पश्चिमा जगत्बाट भएको हो भन्ने प्रस्ट हुन्छ।

साहित्यमा प्रतिबिम्बित नारी हक, अधिकार र नारी स्वतन्त्रता तथा नारी चेतनाका विषयको अध्ययन नारीवादी समालोचनाले गर्छ। नारीवादी समालोचनाका विविध प्रकारहरू छन्: उदारवाद नारीवाद, माक्र्सवादी नारीवाद, आमूल नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, उत्तरआधुनिकतावादी नारीवाद आदि रहेका छन् (त्रिपाठी, २०६८, पृ. २१५)। यी सबै प्रकारका नारीवादी समालोचनाहरूले कुनै पनि साहित्यिक कृतिमा नारीलाई कसरी हेरिएको छ भन्ने कुरालाई नै मुख्य विषय बनाएको पाइन्छ। जसमध्ये यस शोधलेखलाई विश्लेषणको मुख्य आधार उदारवादको जगमा टेकेर गरिएको छ। मानवजातिका निम्ति नैसर्गिक अधिकारको वकालत उदारवादको यस क्षेत्रमा सजिलै प्रभाव पर्‍यो। वोलस्टोनक्राफ्टले आफ्नो कृतिको उदारवादको पृष्ठभूमिमा गरेर शिक्षाद्वारा केटीहरूको र केटाहरूको पनि उद्धार हुने देखाइन् (गौतम, २०५९, पृ.३६४)। प्रस्तुत उपन्यासमा उपन्यासकारले पनि नारी र पुरुष मिलेर अगाडि बढ्नुपर्ने कुरालाई प्रस्तुत गरेकी छन्। यसैगरी सारा ग्रिम्कीको लेटर्स अन इक्वेलिटी (१८३८), ह्यारिट टेलर र जे. एस. मिलको दि सब्जेक्सन अफ वोमेन (१८६९), सार्लोट पर्किन जिलम्यानको आवर एन्ड्रोसेन्ट्रिक कल्चर (१९११), आदि कृतिहरू पढ्न लायक कृतिहरू हुन्। सीमोन द बोउवरको (१९४९ नेपालीमा अनुवाद

२०७५) द सेकेन्ड सेक्स कृतिले दोस्रो विश्वयुद्धपछि निकै गति लिएको देखिन्छ। स्त्रीवादको आधुनिक युगको गीता वास्तममा यही कृति हो (गौतम, २०५९, ३६५)। यस शोधलेखलाई सीमोन द बोउवारको द सेकेन्ड सेक्सलाई आधार मानेर गरिएको छ।

नारीवाद भनेको नारीलाई केन्द्रमा राखेर गरिने चिन्तन हो। यो चिन्तन आन्दोलन र लेखन दुवैतर्फ भेटिन्छ। लेखनका फाँटमा देखिने यो चिन्तन साहित्यिक र गैरसाहित्यिक दुवै क्षेत्रमा उत्तिकै सक्रिय रहेको छ। उक्त दुवै फाँटमा रहेको चिन्तनको विश्लेषण गर्ने फरकफरक प्रतिमानहरू रहेका हुन्छन्। अरू फाँटका प्रतिमानहरूको प्रयोग गरेर साहित्यको नारीवादी विश्लेषण गर्न सम्भव छैन। साहित्यभित्र पनि विधागत स्वरूपका आधारमा फरकफरक प्रतिमानहरूको प्रयोग गरेर नारीवादी चेतनाको स्थिति पहिल्याउनुपर्ने हुन्छ। प्रस्तुत शोधलेख साहित्यको उपन्यास विधाका आधारमा तयार गरिएकाले यहाँ उपन्यास विधामा नारीवादी चेतनाको विश्लेषण गर्न मिल्ने प्रतिमानहरूको प्रस्तुत गरिएको छ। प्रस्तुत उपन्यासमा प्रयुक्त नारी चेतनाको विश्लेषण गर्न उपन्यासमा प्रतिबिम्बित नारी स्वतन्त्रता सम्बन्धी चेतनालाई मूल आधार बनाई विभिन्न उपशीर्षकहरूमा उपन्यासमा प्रतिबिम्बित नारी चेतनाको विश्लेषण गरिएको छ।

**२.२ अविश्रान्त उपन्यासमा प्रयुक्त नारी स्वतन्त्रता**

नेपाली समाजमा नारीहरू शैक्षिक, आर्थिक, सामाजिक, लैङ्गिक एवम् पेसागत स्वतन्त्रता नपाएका कारण चेतनाको स्तर कमजोर देखिन्छ। पितृसत्तात्मक समाजको पुरुषवादी चिन्तन नारीहरूमा पनि व्याप्त छ। यसबाट मुक्ति पाउन नारीहरूले गर्नुपरेको सङ्घर्षलाई उपन्यासमा प्रस्तुत गरिएको छ।

**२.३ शैक्षिक स्वतन्त्रता**

नारीले पुरुषसरह पढ्न पाउनुपर्छ भन्ने अधिकार र स्वतन्त्रताको खोजी गर्नु नारीको शैक्षिक स्वतन्त्रता एवम् समानतासम्बन्धी चेतना हो। नारीवादले शिक्षा र रोजगारमा नारीको समान अवसर स्थापनाको माग गरेको छ (अर्याल, २०७९, पृ.२० )। पुरुषसरह नारीले समान रूपमा शिक्षा आर्जन गर्न र बौद्धिक उपार्जन गर्ने अवसर पाए भने उनीहरूले परिवारलाई शिक्षित बनाई सहजै अगाडि बढाउन सक्छन्। नारीलाई पुरुषसरह शिक्षाको अवसर प्रदान गरेर पारिवारिक वातावरणलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने नारीवादीहरूको विचार रहेको टङको भनाइलाई अर्याल (२०७९, पृ.२५) ले उल्लेख गरेकी छन्। नारीले शिक्षा आर्जन गरेर अर्थ उपार्जन मात्रै गर्दैनन् परिवारलाई पनि शिक्षित बनाउछन्। नारीहरू शिक्षा आर्जन गरेर पनि घरभित्रै विभिन्न किसिमका बन्धनमा जेलिएर बसेका छन् तर अविश्रान्त उपन्यासका नारी पात्रहरूले यस किसिमको स्थिति झेल्नु परेको छैन।

प्रस्तुत उपन्यासमा चित्रित अधिकांश नारी पात्रहरू मध्यम वर्गीय आर्थिक अवस्था भएका छन्। त्यसैले ती नारी पात्रहरूमा पारिवारिक स्वतन्त्रताको प्रभाव देखिन्छ। गाउँ छोडेर शिक्षा आर्जनकै सिलसिलामा सहरमा बस्दै गरेका नारी पात्रहरू क्रमशः रुढीवादी सोच र आदर्शको पर्खालबाट मुक्त देखिन्छन्। पुरुषलाई मात्रै छुट दिइएको शैक्षिक स्वतन्त्रतालाई नारीहरूले पनि प्रयोग गरेको अवस्थालाई यस उपन्यासमा देखाइएको छ। श्रद्धा, भावना, विपासा, अमिता रूपा लगायत कमलालाई पनि स्वेच्छिक शिक्षा आर्जनको वातावरण अनुकूल बनेको पाइन्छ। उनीहरूको शिक्षा आर्जनप्रति कसैको चियोचर्चो हुँदैन। त्यस्तो भएको खण्डमा उनीहरूले समाजलाई नै चुनौति दिएर

अगाडि बढेका छन् । छोरीलाई शैक्षिक अवसर प्रदान गर्ने क्रममा परिवारले कतिपय अवस्थामा समाजको आलोचना सुन्नु पनि परेको छ । यस उदाहरणले अविश्रान्त उपन्यासका नारी पात्रहरूलाई समाजले पढाउनु हुँदैन भन्दाभन्दै पनि परिवारले शैक्षिक अवसर प्रदान गरेको छ ।

छोरीलाई पढाएर के पाइन्छ, हामी त पठाउँदैनौ स्कुल (पृ. १७) भन्ने छिमेकीको भनाइलाई प्रतिरोध गर्दै उपन्यासकी पात्र श्रद्धाका बुबाआमाले एकाइसौँ शताब्दीका मानिसमा सत्रौँ शताब्दीको सोच भन्दै छोरीलाई पढाउनुपर्छ भन्ने भावना विकसित भएको उपन्यासमा उल्लेख छ । उपन्यासका पात्र श्रद्धा र अमिता भेट भएपछि पढाइका बारेमा संवाद गर्ने र नारी शिक्षित र चेतनशील भए भने समाजले अग्रगति लिने कुरालाई अगाडि बढाएका हुन्छन् । यी दुई पात्रहरूका गतिविधिलाई हेर्दा यस उपन्यासका नारी पात्रहरूले शैक्षिक स्वतन्त्रता र समानताको अवसर प्राप्त गरेका छन् भन्ने कुरा प्रस्ट भएको छ । अमिता र श्रद्धा कलेज बिदा भएको बेला सँगै बसेर पढ्ने गरेको अभिव्यक्ति प्रस्तुत भएको प्रसङ्गले उनीहरू पढ्न स्वतन्त्र रहेको र बिदाका बेलामा एक अर्कासँग भेट भएर बस्ने पढाइसम्बन्धी छलफल गर्ने स्वतन्त्रता प्राप्त भएको कुरा माथिको उदाहरणले प्रस्ट पारेको छ । श्रद्धाले अमिता र आफू छुट्टा–छुट्टै कलेजमा पढ्न थालेपछि राम्रो अंक ल्याउन सफल भएको प्रसङ्ग प्रस्तुत गरेकी छ । उक्त कथनबाट पनि अविश्रान्त उपन्यासका नारी पात्रहरू शिक्षा आर्जनका क्रममा स्वतन्त्र नै रहेको प्रष्ट गराएको छ । श्रद्धाले मास्टर तह फरक कलेजमा पढ्न पाउनाले आफूलाई फाइदा नै भयो भन्नुले पनि यस उपन्यासका नारी पात्रहरूमा भएको शैक्षिक स्वतन्त्रता प्रष्ट हुन आउँछ । यद्यपि उनीहरूले फरक–फरक कलेजमा पढेका छन् तर एक अर्कामा भेट भएर पढाइका बारेमा स्वतन्त्ररूपमा छलफल गर्ने अवसर पाएका छन् । यसबाट प्रस्तुत उपन्यासका नारीपात्रहरूले पुरुषसरहको अवसर प्राप्त गरेका छन् । शैक्षिक स्वतन्त्रता र समानताका लागि उनीहरूमाथि परिवार र समाजले कुनै भेदभाव वा बन्देज लगाइएको छैन ।

विवेच्य उपन्यासकी नारी पात्र रूपा शिक्षा आर्जन तथा रोजगारीको शिलशिलामा वैदेशिक यात्राको तय गरेर अमेरिका गएकी छ । यस क्रममा उसलाई वैदेशिक यात्रामा घर परिवार तथा समाजले कुनै अवरोध गरेको छैन । ऊ पूर्णरूपमा स्वतन्त्र छ । उसले आफूले पाएको स्वतन्त्र अधिकारलाई सदुपयोग गरेर विदेशमा गएर शिक्षा आर्जन गर्न सफल भएकी छ (पृ. १८५) । यसबाट अविश्रान्त उपन्यासका नारी पात्रहरूले स्वदेश तथा विदेशमा बसेर पुरुषसरह उच्च शिक्षा हासिल गरेका छन् भन्ने कुरा पुष्टि भएको छ ।

उपर्युक्त सन्दर्भबाट यो उपन्यास शैक्षिक स्वतन्त्र र समानताको पक्षमा उभिएको देखिन्छ । उपन्यासका धेरैजसो नारी पात्रहरूले पुरुषसरह सहरमा बसेर शिक्षा आर्जन गर्ने अवसर प्राप्त गरेका छन्, पुरुषसरह विदेशमा गएर शिक्षा आर्जन गर्न सफल भएका छन् । यसबाट प्रस्तुत उपन्यासका उपन्यासकारले शैक्षिक स्वतन्त्रता र समानतालाई व्यक्तिगत नभई सामाजिक रुपान्तरणको विश्व दृष्टि बनाएको बुझिन्छ । त्यसैले प्रस्तुत उपन्यास शैक्षिक स्वतन्त्रता र समानताका दृष्टिले सबल बनेको पाइन्छ । श्रद्धाका बाबु आमाले समाजले छोरीलाई पढाउन हुँदैन भन्दा भन्दै पनि उसलाई नारी शिक्षाको जुन स्वतन्त्रता दिएका छन् त्यो शैक्षिक स्वतन्त्रताको ज्वलन्त नमुना हो ।

### २.४ आर्थिक स्वतन्त्रता

आर्थिक स्वतन्त्रता भन्नाले नारीहरूले आर्थिक रूपमा पुरुषसरहको अधिकार पाउनु र उनीहरूले स्वतन्त्र भएर आफ्नो व्यक्तित्वको विकास गर्ने अवसर प्राप्त गर्नु भन्ने बुझिन्छ । नारी आन्दोलनले स्त्रीजातिलाई सामाजिक,

राजनीतिक तथा आर्थिक तहहरूमा लोग्नेमान्छेकै जति अधिकार प्राप्त हुनु पर्छ भन्ने आवाज उठाउछ (गौतम, २०५०, पृ. ४०८) । यसले नारीहरूको आर्थिक स्वतन्त्रतालाई सङ्केत गरेको छ । मूलतः नारीहरू आफ्नै घर परिवारभित्रबाटै आर्थिक शोषणको मारमा परेका हुन्छन् । चेतनाको अभाव भएका नारीहरूमा यसको प्रतिकार गर्ने क्षमता हुँदैन । उनीहरूले आर्थिक स्वतन्त्रताका आवाज उठाउन सक्दैनन् । शिक्षित तथा चेतनशील नारीहरूले यसका विरुद्ध आवाज उठाई आफ्नो बुद्धि अनि विवेकको प्रयोग गरेर आफूलाई आर्थिक पक्षबाट सबल बनाएका हुन्छन् ।

परम्परागत पितृसत्तात्मक नेपाली समाजमा घर परिवारको आर्थिक अवस्था पुरुषमा केन्द्रित भएको पाइन्छ र पुरुषद्वारा नियन्त्रित अर्थव्यवस्थालाई परिवारका सबै नारी सदस्यले स्वीकार गरेका हुन्छन् । यस सन्दर्भमा अविश्रान्त उपन्यासका नारी पात्रहरूले आर्थिक अभावलाई खासै झेल्नु परेको स्थिति देखिँदैन । यस उपन्यासमा रूपा, विपासा, श्रद्धा लगायतका नारी पात्रहरू आर्थिक रूपमा सबल देखिएका छन् । त्यसैले उनीहरू परिवारका पुरुष सदस्यहरूको भर नपरी स्वनिर्णयले काम गर्न सफल देखिन्छन् । यस क्रममा उपन्यासकी नारी पात्र विपासाले विपदमा परेकी भावनालाई आफ्नै घरमा आश्रय दिएकी छ । ध्रुव सरको खोजी गरेर नेपाल ल्याउन सफल भएकी छ । अमेरिकाबाट आउँदा उसलाई लिन विमानस्थलसम्म गाडी पठाएकी छ । ब्यान्डबाजा बजाएर भावना र ध्रुव सरको विवाह धुमधामसँग गरिदिएकी छ । झाडपानस र रङ्गीविरङ्गी सजावटले झकिझकाऊ पारेकी छ । उसलाई यस कार्यमा कसैको रोकावट छ्रैन, कसैको बन्देज छैन । उसले भावना र ध्रुव सरको विवाह मात्रै गरिदिएकी छैन । उनीहरूलाई आफ्नै घरमा परिवारसरह आश्रय दिएर राखेकी छ । यी सबै काम गर्न विपासा आर्थिक रूपले स्वतन्त्र देखिन्छे । भावनाले यी सबै कुरा आफ्नो निर्णयमा गरेकी छ । ध्रुव सरलाई आफ्नै विहे हुँदैछ भन्ने कुरा पनि थाहा छैन । विवाहमा लाग्ने सबै खर्च विपासा आफैँले म्यानेज गरेकी छ । यस कार्यमा विपासा आर्थिक रूपमा स्वतन्त्र छ । उसलाई आर्थिक रूपमा कसैले हस्तक्षेप गरेका छैनन् ।

उपन्यासकी नारी पात्र विपासा आर्थिक अवस्था कमजोर छैन । विपासालाई आर्थिक रूपमा कसैले बन्देज गरेको छैन । आर्थिक रूपमा स्वतन्त्र भएकै कारण उसले आफ्नो निर्णयले काम गर्न सफल भएकी छ । आर्थिक रूपमा स्वतन्त्र भएकै कारण विपासाले आत्मनिर्णय गरेकी छ । यस कुराले अविश्रान्त उपन्यासमा भएको आर्थिक स्वतन्त्रतालाई पुष्टि गरेको छ । आर्थिक स्वतन्त्रताकै कारण विपासाले माथिका सम्पूर्ण कार्यलाई सहजै सफल बनाउन सफल भएकी छ ।

आर्थिक स्वतन्त्रता पाएकै कारण उपन्यासमा प्रयोग भएका नारी पात्रहरूले व्यक्तित्व विकास गर्ने अवसर पाएका छन् । श्रद्धा, विपासा, रूपा लगायतका नारी पात्रहरूले आर्थिक स्वतन्त्रता पाएकै कारण आफ्नो स्वतन्त्र पहिचान बनाउन सफल भएका छन् । परिवारले छोरीलाई कुनै विभेद नगरी छोरासरह अवसर प्रदान गरेको छ । परिवारबाट स्वतन्त्र अवसर नपाएका भए, परिवारबाट आर्थिक स्वतन्त्रताको अवसर नपाएका भए उनीहरू न त सहरमा बसेर पढ्ने अवसर नै पाउँथे न त वैदेशिक रोजगारमा जाने अवसर पाउँथे, यस क्रममा यी नारी पात्रका घरपरिवारले आर्थिक अवसर दिएकै कारण बाहिर बसेर उच्च शिक्षा हासिल गर्ने, जागिर खाने, वैदेशिक रोजगारीमा जाने जस्ता अवसरहरू प्राप्त गरेका छन् । श्रद्धाका आमाबाबुले भावना ध्रुव सरबाट गर्भवती भएपछि ऊ सँगै बसकी भावनालाई सहयोग गर्न बढी पैसा पठाई मागेर अप्ठ्यारोमा परेकी साथीलाई पनि आर्थिक रूपमा सहयोग गरेकी छ (पृ. ११७) । यस उपन्यासका नारी पात्रमध्ये रूपा ..उसले अध्ययन तथा रोजगारको शिलशिलामा वैदेशिक यात्रामा गएर आफूलाई आर्थिक रूपमा सफल बनाएकी छ । उक्त कुरालाई तलको प्रसङ्गबाट प्रस्ट पार्न सकिन्छ–

उसलाई डिभी परेको थियो अमेरीकाको।...ऊ अमेरीका गई। उसले उतै पढाइ र जागिरलाई निरन्तरता दिएर आफ्नो भविष्य सुरक्षित गरेकी थिई "। ..."यस्ती भाग्यमानी रहिछ हाम्री छोरी। उसलाई सात समुद्रपारि पुगेर भविष्य बनाउन लेखेको रहेछ; दैवले झन्डै लगेका" भनेर बुबआमा कुरा गर्नुहुन्थ्यो। ...हामीले ध्रुवबाट त्यसरी अलग गर्न नहुने भनेर पछुताउन थालेका थिए (पृ. १८५)।

ध्रुव सरले धोका दिएपछि रूपाले आफ्नो अध्ययनलाई निरन्तरता दिएर अगाडि बढिरहेका अवस्थामा डिभी परेपछि उसले अमेरीकाको यात्रा तय गरेकी छ। यसका लागि चाहिने खर्च उसलाई घर परिवारले व्यवस्थापन गरेको छ। त्यसकै परिणाम स्वरूप ऊ आफूलाई आर्थिक रूपमा सक्षम बनाउन सफल भई। घर परिवारबाट कुनै किसिमको अवरोध थिएन। त्यसैले उसलाई वैदेशिक स्वतन्त्र हुने अवसर प्राप्त भयो। ऊ वैदेशिक रोजगारी तथा अध्ययनको लागि स्वतन्त्र देखिएकी छ।

नारीलाई आवश्यक पर्ने विभिन्न स्वतन्त्रता मध्ये आर्थिक स्वतन्त्रता पनि महŒवपूर्ण पक्ष हो। आफ्नै परिवारले नारीलाई स्वतन्त्रताको वातावरण दियो भने नारीहरू स्वतन्त्र रूपमा आफ्नो विवेकको प्रयोग गरेर आर्थिक रूपमा सबल हुन सक्छन्। अविश्रान्त उपन्यास नारीहरूको आर्थिक स्वतन्त्रताको पक्षमा उभिएको छ। उपन्यासका धेरैजसो नारी पात्रहरूले पुरुषसरह आर्थिक स्वतन्त्रताको अवसर प्राप्त गरेकै कारण आर्थिक रूपमा सबल देखिएका छन्। उक्त अवस्थालाई हेर्दा उपन्यासकारले आर्थिक स्वतन्त्रता सामाजिक रूपान्तरणको विश्व दृष्टि बनाएको बुझिन्छ। त्यसैले प्रस्तुत उपन्यास आर्थिक स्वतन्त्रता र समानताका दृष्टिले सबल बनेको देखिन्छ।

**२.५ सामाजिक स्वतन्त्रता**

लैङ्गिक रूपमा समाजमा पुरुषसरह विभिन्न क्रियाकलाप र गतिविधिमा सहभागी हुन पाउने नारीको अधिकार र स्वतन्त्रतालाई सामाजिक स्वतन्त्रता र भनिन्छ। मूलतः नारीवाद सामाजिक, राजनीतिक तथा आर्थिक तहहरूमा नारीहरूललाई पनि पुरुषकै जति अधिकार हुनुपर्छ भनेर लड्दछ (गौतम, २०५९, पृ. ४०८)। उपन्यासकार अर्याललले अविश्रान्त उपन्यासमा प्रखर नारीचेतनाको सशक्त प्रयोग गरेकी छन्। नारीका सम्बन्धमा उनी सामाजिक यथार्थबाट निरपेक्ष देखिएकी छैनन्। यस उपन्यासमा लेखकले सच्चा प्रेमको साङ्लोले उपन्यासलाई बाँध्दै सामाजिक यथार्थलाई टपक्क टिपेर काल्पनिकताको मलजल गर्न समेत पछि परेकी छैनन्। उपन्यासकार आफू नारी भएर आफूले भोगेका दुःखभन्दा समाजमा अरू नारीले भोगेका दुःखलाई ठुलो देखेर उनीहरूका दुःखलाई आफ्नो लेखनीमार्फत् प्रस्तुत गरेकी छन्। उनले पितृसत्तात्मक सोच र व्यवहारप्रति नारीहरूलाई सचेत गराएकी छन्। आफ्नो समाजमा देखेका वा भोगेका विभिन्न किसिमका नारीहरूका भोगाइप्रति दृष्टि पऱ्याउँदै नारीलाई सामाजिक स्वतन्त्रता र समानताको मार्ग निर्देश गरेकी छन्।

पितृसत्तात्मक नेपाली समाजमा लैङ्गिक आधारमा नारीलाई विभेदजन्य व्यवहार गरिन्छ। यस समाजमा पुरुषहरूले हरेक किसिमका सामाजिक गतिविधि र क्रियाकलापमा संलग्न हुने स्वतन्त्रता पाएका हुन्छन् तर नारीहरू त्यस्ता समानता र स्वतन्त्रताबाट वञ्चित देखिन्छन्। विवेच्य उपन्यासमा प्रयुक्त नारी पात्रहरूले समाजका गतिविधिहरूमा स्वतन्त्रताको अनुभव गरेका छन्। यस क्रममा उनीहरूले पुरुषसरह बाबुआमाकै लगानीमा घरबाहिर

बसेर उच्च शिक्षा हासिल गर्ने अवसर पाएका छन् । छोरीहरू घरका गहना हुन् । यिनीहरूले घरबाहिर कदम राख्नु हुँदैन भन्ने परम्परागत सोचाइका विरुद्ध यस उपन्यासका नारी पात्रहरूले घरभन्दा बाहिर बसेर पढ्ने अवसर पाएका छन् । यसबाट उनीहरूमा समाजको पितृसत्तात्मक सोचका विरुद्ध घर परिवारले छोरा र छोरीलाई समान अवसर दिएर सामाजिक स्वतन्त्रता प्रदान गरेको प्रत्याभूति भएको छ । यसले नारी र पुरुषबिचको समानतालाई सङ्केत गरेको छ । प्रस्तुत उपन्यासमा शिक्षित र सक्षम नारी समाजको चित्रण गरिएको छ । त्यसैले यस उपन्यासमा उपस्थित नारी पात्रहरू धेरैजसो पढे लेखेका छन् । अतः यस उपन्यासमा प्रस्तुत गरिएको समाजमा नारी स्वतन्त्रता र समानताको स्थिति देख्न सकिन्छ । यसको उदाहरणका रूपमा उपन्यासको निम्नलिखित साक्ष्यलाई प्रस्तुत गर्न सकिन्छ–

> पुरुष नारीमा कति विभेद खडा गरिदिएको छ यही कोमलता र कठोरताको पहिचानले । बिहेअगाडि पनि बिहेपछाडि पनि अनि बुढेसकालमा समेत पुरुषको सहायताविना बाँच्नसक्दिन भनेर नारीहरूलाई परिभाषित गरिन्छ । ....श्रीमतीलाई चितामा जलाउँदै गर्दा त्यो श्रीमान्ले के सम्झन्छ रे थाहा छ श्रद्धा ? अब कुन केटी मलाई ठिक होली त भनेर क्या ! अनि समाजले त्यही कुराको समर्थन जनाइरहेको हुन्छ (पृ. २१८) ।

उपन्यासमा अभिव्यक्त यस भनाइले पितृसत्तात्मक समाजमा लैङ्गिक आधारमा छोरीहरूलाई अवसरबाट वञ्चित गराई विभेद गर्ने परम्परागत सामाजिक मान्यतालाई सङ्केत गरेको छ । यसो भए तापनि विवेच्य उपन्यासका प्रायशः नारी पात्रहरूले पर्याप्त मात्रामा सामाजिक अवसर पाएको देखिन्छ र उनीहरूले आफूले प्राप्त गरेको अवसरलाई सदुपयोग पनि गरेका छन् ।

यसबाट के प्रस्ट हुन्छ भने नारीहरू कमजोर भएर पछि परेका होइनन् अवसर नपाएर पछि परेका हुन् । अवसर पाएको खण्डमा नारीहरूले पनि केही गर्न सक्छन् भन्ने कुराको सङ्केत उपन्यासमा श्रद्धाको भनाइले पुष्टि गरेको छ । श्रद्धाले भनेकी छ– जसले जे भने पनि म ठुली हुन त पाऊँ न । यो समाजलाई देखाइदिनेछु छोरीले कति गर्न सक्दा रहेछन् (पृ. १७) । श्रद्धाको यस भनाइले नारीहरू पुरुषभन्दा कमजोर होइनन् अवसर पाएमा उनीहरूले समाजका विविध क्षेत्रमा पुरुषसरह योगदान दिन सक्छन् भन्ने कुरालाई देखाएको छ । यसले उसको आत्मविश्वासलाई समेत प्रस्तुत गरेको छ । उसको आत्मविश्वास विकास हुनुमा पारिवारिक तथा सामाजिक स्वतन्त्रताले महत्त्वपूर्ण भूमिका खेलेको छ । श्रद्धा लगायत यस उपन्यासका अन्य नारी पात्रहरूले सामाजिक स्वतन्त्रता प्राप्त गरेका छन् । सोही अनुरूप उनीहरूमा चेतनाको विकास पनि भएको छ । सामाजिक रूपमा यस्तो अवसर पाउनुले उनीहरूको सामाजिक स्वतन्त्रतालाई सङ्केत गरेको छ । यस उपन्यासमा छोरीलाई पनि छोरासरह अवसर दिन पर्छ भन्ने मान्यता देखिन्छ । शिक्षामा पहुँच भएका नारीहरूले सामाजिक रूपान्तरण गर्न सक्छन् साथै उनीहरू समाजका उदाहरणीय व्यक्तित्व पनि बन्छन् भन्ने कुरा माथिको उद्धहरणबाट पनि स्पष्ट हुन्छ । यसरी यस उपन्यासका श्रद्धा लगायतका नारी पात्रहरूलाई सामाजिक स्वतन्त्रता परिवारदेखि नै प्राप्त भएको देखिन्छ । यसरी श्रद्धाका बाबु आमाले समाजले छोरीलाई पढाउन हुँदैन भन्दा भन्दै पनि उसलाई शिक्षाको जुन स्वतन्त्रता दिएका छन् त्यो नै सामाजिक स्वतन्त्रता हो । माथिको यस कथनबाट पनि स्पष्ट हुन्छ । यसरी यस उपन्यासका श्रद्धा लगायतका नारी पात्रहरूलाई सामाजिक स्वतन्त्रता परिवारबाट प्राप्त भएको देखिन्छ ।

## २.६ लैङ्गिक स्वतन्त्रता

लैङ्गिक समानता भन्नाले महिला, पुरुष तथा तेस्रो लिङ्गी सबैलाई समानतापूर्वक गरिने सामाजिक व्यवहार हो। यसले सामाजिक, सांस्कृतिक, धार्मिक तथा कानुनी रूपमा समान व्यवहारको अपेक्षा गर्दछ। मूलत: उदार नारीवादले नारी र पुरुषबिचमा रहेका लैङ्गिक विभेदयुक्त कार्यविभाजन, यौनव्यवहार, पारिवारिक संरक्षण, सामाजिक भूमिका र उमेरमा गरिने विभेदका विरुद्ध आवाज उठाउँछ (अधिकारी, २०७७, पृ. ५०९)। त्यसैले लैङ्गिक स्वतन्त्रता भनेको कुनै पनि आधारमा विभेद नगरी मानवीय अधिकारको सुनिश्चितताका लागि गरिने अग्रसरता हो। प्रस्तुत उपन्यासका पात्रहरूले कतिपय अवस्थामा लैङ्गिक स्वतन्त्रता प्राप्त गरेका छन्। यस कुरालाई उपन्यासका निम्न लिखित सन्दर्भहरूले प्रस्ट पारेका छन्:

> एक्काइसौं शताब्दीका मानिसमा सत्रौँ शताब्दीको सोच देखेर मेरा बुबाआमा रिसाउनुहुन्थ्यो। मलाई पनि उनीहरूका कुरा बाल्यकालदेखि नै मन पर्दैनथ्यो। बुबाले मलाई काखमा लिएर यो मेरो छोरा नै हो भन्नुहुन्थ्यो (अर्याल, पृ. १७)।

यस उद्धहरणमा समाजमा व्याप्त लैङ्गिक विभेदलाई चिर्दै श्रद्धाका बुबाले छोरीलाई छोरासरह अवसर दिएर पितृसत्तात्मक समाजमालाई नै चुनौती दिएका छन्। यस उपन्यासकी पात्र श्रद्धाले आफूलाई छोरासरह अवसर दिने आफ्ना आमाबुबालाई भगवान सम्झिएकी छ। बुबाआमाले दिएको यो अवसरलाई पूर्णरूपमा सदुपयोग गर्दै ठूली भएपछि उक्त समाजलाई लैङ्गिक समानताको चेतना दिने र समाजमा व्याप्त पितृसत्ताको जरो समेत उखेल्ने प्रतिबद्धता गरेकी छ।

मानिसले भाग्यमा लेखिएको कुरा भोग्नैपर्छ। आँखाले देखेको कुरा पाउन सम्भव छैन। यस्तै कुरा खेलिरहेको श्रद्धाको मन आफ्नो घर परिवारले गरेको मायालाई सम्झेर दुःखेको छ। घर परिवारले गरेको व्यवहार सम्झिएर उसलाई भक्कानो छुटेको छ। पितृसत्तात्मक समाजको विरुद्धमा लैङ्गिक स्वतन्त्रता दिने परिवारलाई लत्याएर आफ्नो खुसी रोजेकोमा पश्चाताप गरेकी छ। उपन्यासमा श्रद्धा पात्रका माध्यमबाट नारीमाथिको विभेदलाई प्रस्तुत गर्दै यसरी स्वतन्त्रताको खोजी गरिएको छः

प्रस्तुत उपन्यासका नारी र पुरुष पात्रहरूले लैङ्गिक विभेदरहित समाजको परिकल्पना गरेका छन्। उनीहरूले एक अर्काका आफन्त आउँदा दुवैथरीले एकअर्कालाई उत्तिकै सहयोग गरेका छन्। घुम्नुपर्ने ठाउँ घुमाउन र अफिसियल कामहरूमा एकअर्कालाई सहयोग गरेका छन्। यसबाट दुवैथरी उत्तिकै लाभान्वित भएका छन्। यसको उदाहरणस्वरूप उपन्यासको प्रस्ट पारेको छ– एकदिन मेरो दादा आउनु भएको थियो। उहाँले उनीहरूसँग भलाकुसारी गरेपछि बुबासँग फोनमा भन्नु भएको थियो: यस घरमा बहिनीहरू अभिभावकसँगै बसेका छन् पिर गर्नुपर्दैन (पृ.४६)। यस उद्धहरणले लैङ्गिक समानतालाई सङ्केत गरेको छ। त्यसैगरी यस उपन्यासमा अमिताका ससुराले छोरा बुहारी आफ्नो घरमा आइपुगेको जानकारी गराउन अमिताका माइतीमा मान्छे पठाउन चाहेको र उनले छोरा बुहारीलाई शहरमा गएर विवाह गर्न सुझाव दिएको प्रसङ्गले बुहारीलाई सहर्ष स्वीकार गरेको स्पष्ट पार्छ। यस कुरालाई उपन्यासको यस प्रसङ्गले प्रस्ट पारेको छः

रमनलाई बुबाले बोलाउनुभयो घरसल्लाह गर्न भन्दै । म पनि सँगै गएँ । उहाँले दुबैलाई बस्ने अनुमति दिँदै कुरा गर्न थाल्नुभयो "यो वर्ष घर जसरी नि बनाउने भनेर ठेक्का दिइसकेको छु । जग भोलिदेखि खन्दैछन् । घर बनाउनु र बिहे गर्नु एउटै साल नगर्नू भन्ने परम्परा छ । त्यसको अर्थ के होला त्यो त थाहा छैन । तिमीहरूको विवाह गरिदिनु मेरो कर्तव्य हो । विवाह त गर्ने तर अब अर्को साल लागोस् । अब जम्मा २–३ महिना त छ अर्को वर्ष सुरु हुन पनि । त्यसअघि दिन जुराएर सिन्दूरपोते गरिराख्नुपर्छ । घरबाट नगरी शहरबाटै गर्ने योजना बनाउनू । यहाँ फेरि नयाँ साल सुरु भएपछि दिन हेराएर दुई दिने बिहे गर्ने योजना बनाउँछु म (पृ. १५०) ।

यस उद्धहरणमा छोरासरह बुहारीलाई पनि सम्मान दिइएको छ । छोराबुहारी सकुशल घरमा आइपुगेको जानकारी बुहारीका माइतमा गराउन खोज्नु माइतीले आएर छोरा बुहारीलाई छुटाउँछन् कि भनी उनीहरूलाई कानुनी रूपमा विवाह गर्न लगाउनु तथा घर गृहस्थीका कुरामा बुहारीलाई पनि सहभागी गराउनु जस्ता औपन्यासिक प्रसङ्गले लैङ्गिक समानतालाई देखाएको छ । यसरी हेर्दा यस उपन्यासमा नारीहरू परम्परागत नारीहरूभन्दा निकै अगाडि बढेको सन्दर्भ प्रस्तुत गरिएको छ । उपन्यासमा यस्तो परिस्थितिको प्रस्तुति हुनुले यस उपन्यासमा नारीलाई पुरुषसरह पारिवारिक स्वतन्त्रता र समानता प्राप्त भएको छ भन्ने कुरालाई पुष्टि गरेको :

पाठकवृन्द, भ्रम नहोस् म सफल हरेक कुरामा नहुँला तर पढाइ र माया पाउने सन्दर्भमा भने पक्कै आफूलाई सफल नै भएको विश्वास लिइरहेकी छु । मलाई थाहा छैन जीवनमा अरू कसैले पनि परिवारबाट मैलेभन्दा बढी माया पाउँथ्यो कि ? म आफूले पाएको माया र पढाइको सफलतालाई केन्द्रविन्दु मानिरहेकी छु (पृ.१६) ।

माथिको सन्दर्भले श्रद्धाले परिवारबाट पाएको लैङ्गिक स्वतन्त्रलाई देखाएको छ । यस्ता उदाहरण उपन्यासमा अरू पनि छन् जसले लैङ्गिक स्वतन्त्रता र समानतालाई सङ्केत गरेका छन्– सधैं स्वतन्त्र जीवन दिलाएर अनि आफ्नो उद्देश्यका लागि कहीँ कतैबाट पनि पीडाको महसुस र अभावको सिर्जना हुनबाट बचाएर यहाँसम्म ल्याइपुऱ्याउनु हुने माता, पिता अनि सिङ्गो परिवारप्रति कृतज्ञ आजसम्म भएकै छु (पृ.१६) जस्ता श्रद्धाका भनाइबाट उपन्यास लैङ्गिक मैत्री छ भन्ने कुराको स्पष्ट हुन्छ । उपन्यासकारले लिङ्गगत आधारमा कुनै विभेद गर्नु हुँदैन भन्ने विचारलाई सशक्त बनाएकी छन् ।

यसरी उपर्युक्त सन्दर्भबाट उपन्यास लैङ्गिक स्वतन्त्र र समानताको पक्षधर देखिन्छ । उपन्यासमा श्रद्धाको परिवार, श्रद्धाका पुरुष साथी (अमृत र अमृतको साथी) को प्रस्तुतिबाट उपन्यासकारले लैङ्गिक स्वतन्त्रता र समानतालाई सामाजिक रुपान्तरणको विश्व दृष्टि बनाएको बुझिन्छ । त्यसैले प्रस्तुत उपन्यास लैङ्गिक स्वतन्त्रता र समानताका दृष्टिले सबल बनेको छ ।

**२.७ पेसागत स्वतन्त्रता**

पेसागत स्वतन्त्रता भन्नाले नारीले आफूलाई मनपर्ने पेसा तथा व्यवसाय रोज्ने स्वतन्त्रता भन्ने बुझिन्छ । पेसागत स्वतन्त्रताका आधारमा आफूलाई मनपर्ने व्यवसाय रोज्नु पेसासम्बन्धी चेतना हो । कसैको करकापमा नपरी स्वतन्त्र रूपले आफूलाई मनपर्ने पेसा चयन गर्न सकेको अवस्थामा नारीहरू आर्थिक रूपमा सक्षम बन्न सक्छन् । नारीहरू कमजोर भएर पछि परेका होइनन् । आफूलाई मन परेको पेसाको चयन गर्न नपाएर र पितृसत्तात्मक समाजमा पुरुषको दमन तथा विभेदजन्य व्यवहारका कारण पछि परेका हुन् । पुरुषसरह पेसागत चयनको समान अवसर पाएका अवस्थामा नारीहरूले आर्थिक उपार्जन गरी घर व्यवहार चलाउन सक्छन् तर पितृसत्तात्मक समाजले लैङ्गिक विभेद गरी कतिपय ठाउँमा समान कामका लागि पुरुषसरह ज्याला नदिएको अवस्था पनि पाइन्छ । नारीवादले नारीहरूलाई पुरुषसरह अवसर, समान ज्याला दिइएको छ कि छैन, समाजमाा विभेदजन्य व्यवहार गरिएको छ कि छैन भन्ने कुराको बारेमा चासो राख्ने गर्दछन् । तिनका विभिन्न धारहरूले नारी समानताको ज्याला तथा पेसागत स्वतन्त्रताको माग गरेका छन् । सन् १९६३ मा समानतासम्बन्धी ऐनहरू–समान सीप भएका पुरुष र महिलालाई ज्यालामा समानता, लिङ्ग भेदका आधारमा रोजगारी र ज्यालामा समानता, लिङ्ग भेदभाव नगर्ने ऐन निर्माण भएका हुन् । त्यसैगरी अमेरीकामा पनि महिलाहरूको ठुलो जमात शिक्षण पेसा र समान तहका जागिरे पेसामा कार्यरत छन् यसरी लिङ्ग भेद बिना नै समान ज्याला र पेसागत चयनको माग नारीवादीहरूको रहेको छ । न त आफ्नो स्वतन्त्र पेसा अपनाउने अवसर पाउथे ।

विवेच्य उपन्यासमा नारीका स्वतन्त्र पेसागत चयनलाई प्रस्तुत गरिएको छ । उपन्यासकारले नारी पात्रका माध्यमबाट नारीको पेसागत स्वतन्त्रता प्रस्तुत गरेकी छन् । नारीहरूले समाजमा रहेको आफ्नो स्थान र अवस्थाको बोध गरी त्यसप्रति सचेत हुँदै आफ्नो रुचिको पेसा चयन गर्ने स्वतन्त्रता पाएका छन् । यस उपन्यासका केही नारी पात्रमा स्वतन्त्र पेसा चयनप्रतिको चेतना जागृत भएको छ । उपन्यासका शिक्षित नारी पात्रहरू श्रद्धा, कमला, रूपा लगायतमा पेसागत स्वतन्त्रता जागृत भएको छ । उनीहरू पितृसत्तात्मक व्यवस्थाका विरुद्धमा आफ्नो हक, अधिकारका लागि सचेत देखिन्छन् । यसले नारीको पेसागत स्वतन्त्रताको चेतनालाई सङ्केत गरेको छ ।

अर्यालको उपन्यासमा नारीहरूका मानसिक अवस्था, स्वभाव, विचार तथा क्रियाकलाप आदिका माध्यमबाट पेसागत स्वतन्त्रताको खोजी गरिएको छ । यस उपन्यासकी मुख्य पात्र श्रद्धाले आफ्नो काँधमा पारिवारिक र सामाजिक दायित्व हुँदाहुँदै पनि समाजमा पिल्सिएर बसेका तथा अवसरबाट वञ्चित भएका नारीहरूको लागि केही गर्छु भन्ने विचार व्यक्त गरेकी छ (पृ.२३५) । अन्यायमा परेका नारीहरूको हितको लागि कदम चाल्न प्राइभेट जागिरले नहुने र यसको लागि आफ्नो छुट्टै संस्था खोलेर पछि परेका नारीहरूलाई सक्षम बनाएर पितृसत्तात्मक व्यवहारका विरुद्ध अगाडि बढ्ने प्रतिज्ञा गरेर आफ्नो लक्ष्यलाई अगाडि बढाएकी छ (पृ.२३५) । यसले नारीहरूको पेसागत स्वतन्त्रतालाई प्रस्ट पारेको भछ । यस यस कुरालाई तलको भनाइबाट अझै स्पष्ट पारिएको छ:

> मेरो पहिलो लक्ष्य नै म जस्तै पिल्सिएर बसेका विवाहित तथा जुनसुकै समस्यामा परेका अविवाहित नारीको समस्यालाई सम्बोधन गर्न सक्ने काम गर्ने थियो । त्यसैले विभिन्न संघ संस्थामा आबद्ध भएर नारी उत्थानको कार्यमा जुट्ने अवसरको खोजीमा लागेँ ।" यस्तै मैले खोलेको संस्थाको नाम नै 'नारी जागरण तथा परामर्श

> केन्द्र' राखेकी थिएँ। ... त्यसैले जस्तो नाम उस्तै काम भन्ने पनि सुनेकाले त्यसैअनुरूपको नाम राखेर अघि बढ्ने निधो गरेँ (पृ. २३५)।

श्रद्धाको कथनले नारीहरूलाई आफ्नो स्वतन्त्र अस्तित्व र पहिचानको सम्बन्धमा पेसागत स्वतन्त्रताको विचारलाई जागृत गरेको छ। नारीले नै पछि परेका नारीलाई अगाडि बढाउन हौसला दिनु, आफ्नो अस्तित्वको बारेमा जागृत गराउने लक्ष्य बोकेर श्रद्धा विभिन्न संघ संस्थामा आबद्ध भएको प्रसङ्ग प्रस्तुत गरिएको छ। विशेषगरी घर परिवार, समाज तथा राज्यमा नारीको भन्दा पुरुषको वर्चस्व रहँदै आएको अवस्थामा नारी जागृत भएर विभिन्न संघ संस्था मार्फत अन्य नारीहरूलाई पनि आफ्नो अस्तित्व र पहिचानको रक्षाको लागि नारी जागरणको चेतना जगाएर पुरुषलाई चुनौती दिने नारीको साहसिक कदमले प्रस्तुत उपन्यासलाई नारीको पेसागत स्वतन्त्रतालाई सङ्केत गरेको छ। श्रद्धाको उक्त प्रस्तुतिले पितृसत्तात्मक समाजमा व्याप्त नारीशोषणलाई चिर्दै नारी स्वतन्त्रताको माग गरेको छ।

श्रद्धाले खोलेको नारी जागरण तथा परामर्श केन्द्रको मुख्य उद्देश्य अरु केही नभएर अन्यायमा परेका तथा पिछडिएका नारीहरूलाई जागृत बनाएर आफ्नो अस्तित्व रक्षाका लागि सचेत बनाउनु रहेको छ। श्रद्धाको यस कार्यले नारी जागरण मार्फत नारी पहिचान र नारी अस्तित्वको जगेर्नालाई थप टेवा पुगेको देखिन्छ। उक्त कुरालाई तल प्रस्तुत विवेच्य उपन्यासको सन्दर्भबाट स्पष्ट पारिएको छ:

> बेला–बेलामा हाम्रो अफिसमा पुरुषहरू पनि आउँथे। उनीहरूमध्ये धैरैजसो हाम्रो मनोबल घटाउने कुरा गर्थे। तपाईंहरू जस्ता आफ्नो घर गरेर खान नसक्नेले अरूको पनि घर बिगार्ने उपाय रच्नलाई खोल्ने हो यस्तो संस्था भन्ने पनि भेटिए। त्यस्तालाई नारीले गरेको प्रशंसनीय कार्यलाई मलजल थप्न त सकेनौ तर उखेल्ने पनि प्रयास नगरे हुन्छ भन्ने मेरो जवाफ हुन्थ्यो (पृ.२३७)।

श्रद्धाको कथनले पुरुषको हालीमुहालीप्रतिको नारी विद्रोहलाई मात्रै नभएर नारीको स्वतन्त्र अस्तित्व र पहिचानप्रतिको चेतनालाई जागृत गरेको पाइन्छ। यस कथनमा नारीका प्रगति देख्न नसक्ने पुरुषहरूलाई श्रद्धाले जवाफ दिएको पाइन्छ। यस कथनमा नारीको प्रगति देख्न नसक्ने पुरुषलाई श्रद्धाले मुखभरिको जवाफ दिएको देख्न सकिन्छ। यस कथनले नारीका नजरबाट पुरुष गिरेको पनि प्रष्ट हुन्छ। उक्त कथनमा नारीको हितका निम्ति नारी नै लागि परेको हुँदा नारीको स्वतन्त्र पेसागत चयनले नारी स्वतन्त्रताको चेतना स्पष्ट पारेको छ।

उपन्यासमा पिछडिएका तथा विभेदजन्य व्यवहारमा परेका नारीहरूलाई आफ्नो स्वतन्त्र पहिचान र अस्तित्व रक्षाका लागि अविश्रान्त उपन्यासकी नारी पात्र श्रद्धाले खोलेको नारी जागरण तथा परामर्श केन्द्रलाई मुख्य रूपमा लिन सकिन्छ। त्यसका अलावा बलात्कृत भएर विस्थापित हुन लागेकी नारी पात्रको श्रीमान फर्काएर ल्याएर उसको नयाँ जिन्दगीको सुरुवात गराउनु पनि नारी पहिचान र अस्तित्वप्रतिको जागरणको चेतना हो। बलात्कारपछि गर्भको बच्चालाई फालेर नारीको स्वतन्त्र पहिचान र अस्तित्वको चेतना दिनु पनि नारीको पेसागत चयनले दिएको उपलब्धी मान्न सकिन्छ।

प्रस्तुत उपन्यासकी नारी पात्र रूपाले आफू दुर्घटनामा परेर अशक्त भएको बेलामा पनि अध्ययनलाई निरन्तरता दिएर आफू सक्षम भएर आफ्नो यात्रा वैदेशिक रोजगारतर्फ उन्मुख गर्नुले पनि नारीको स्वतन्त्र पेसागत चयनलाई स्पष्ट पारेको छ । जीविकोपार्जन सहजै गर्न सक्नु नारीको पेसागत स्वतन्त्रता अन्तर्गत नै पर्दछ । माथिका यी कुराहरूले नारीको स्वतन्त्र पेसागत चयनप्रतिको जागरणको चेतना दिनु नारीको पेसागत स्वतन्त्रत सम्बन्धी चेतनाको वकालत गर्दछन् ।

## ३. निष्कर्ष

उपन्यासकार अर्याल सार्थक नारीअस्तित्वको अपेक्षा राख्ने उपन्यासकार हुन् । नारी स्वतन्त्रता र नारी हितका लागि नारी, पुरुष नै लाग्नुपर्ने तर्क गर्दै कलम चलाउने हस्ती हुन् । पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू हिंसाजन्य व्यवहारको भुमरीमा धकेलिनु हुन्न जसका विरुद्ध नारीहरू उत्रिएर आफ्नो स्वतन्त्र अधिकार खोज्नुपर्छ भन्ने अवधारणा उनको उपन्यासमा पाइन्छ । अर्यालले अविश्रान्त उपन्यासमार्फत् पितृत्तात्मक संरचनामा हुने गरेका विसङ्गति र विभेदजन्य व्यवहारका विरुद्ध चुनौती दिँदै समस्त नारीवर्गलाई आफ्नो स्वतन्त्र अधिकार र अस्तित्व रक्षाको समेत आव्हान गरेकी छन् । उनले आफ्नो उपन्यासमर्फत् नारी स्वतन्त्रताका लागि सबै नारीहरू एकताबद्ध हुनुपर्ने पक्षमा जोड दिएकी छन् । नारी स्वतन्त्रताका लागि नारी एक्लैले भन्दा पनि नारी, पुरुष मिलेर अगाडि बढ्नुपर्छ भन्ने मान्यताका साथ यो धार अगाडि बढेको छ ।

नारीहरूको जिउ, धन र इज्जतको रक्षा उदार नारीवादबाट नै हुन्छ । यसले नारीहरूको हक, हित र अधिकारका पक्षमा उभिएर न्यायको वकालत गर्छ भन्ने मान्यता उदार नारीवादले राख्दछ । यसै मान्यताका आधारमा उपन्यासकारले उपन्यासको रचना गरेको देखिन्छ । उपन्यासका नारी पात्रहरूले लैङ्गिक समानताको वकालत गर्दै स्वतन्त्रताको उपयोग गरेका छन् । प्रस्तुत उपन्यासका नारी पात्रहरू परम्परावादी सामाजिक मान्यतालाई चिरेर लैङ्गिक समानताको पक्षधरमा उभिएका छन् । उपन्यासका नारी पात्रहरूले शैक्षिक स्वतन्त्रता प्राप्त गरेका नारी पात्रहरू सामाजिक विभेदका विरुद्ध खुलेर बहस गर्न सक्ने क्षमताको विकास गरेका छन् । आर्थिक स्वतन्त्रता, सामाजिक स्वतन्त्रता, लैङ्गिक स्वतन्त्रता प्राप्त गर्दै पितृसत्तात्मक सोच र चिन्तनबाट मुक्त रहेका छन् । यस उपन्यासका नारी पात्रहरू शैक्षिक स्वतन्त्रता प्राप्त गर्दै पितृसत्तात्मक सोच र चिन्तनबाट मुक्त रहेका छन् । त्यसैले अर्यालको अविश्रान्त उपन्यासमा नारी अस्मिता र मूल्यलाई पुरुषसत्ताको सकारात्मक साथ चाहिने विचार उपन्यासकारको देखिन्छ । प्रस्तुत शोध अध्ययनका आधारमा प्रायः नारीहरू पछाडि पर्नुमा पितृसत्तात्मक सामाजिक संरचना तथा परम्परागत पितृसत्तात्मक मान्यताहरू प्रमुख कारण रहे पनि यसको समाधानका लागि नारी, पुरुष नै मिलेर अगाडि बढ्नुपर्ने निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सूची


१. अधिकारी, ज्ञानु (२०७७), 'नारीवादी समालोचनाका धारा र मान्यताहरू', भृकुटी (नारीवाद विशेषाङ्क) ।

२. अर्याल, अम्बिका (२०७९), नारीवाद र नारीस्रष्टाका उपन्यास, काठमाडौँ: पैरवी बुक हाउस प्रा.लि. ।

३. गौतम, कृष्ण (२०५९), आधुनिक आलोचनाः अनेक रूप अनेक पठन, काठमाडौँ: साझा प्रकाशन ।

४. गौतम, ध्रुवचन्द्र (२०७५), भूमिका मन्तव्य, अविश्रान्त, काठमाडौँ: साङ्ग्रिला बुक्स प्रा.लि. ।
५. गौतम, लक्ष्मण (२०७५), 'मन्तव्य', अविश्रान्त, काठमाडौं, साङ्ग्रिला बुक्स प्रा.लि. ।
६. देवकोटा, देवकी (२०७७), अविश्रान्त उपन्यासको विधापरक अध्ययन, स्नातकोत्तर शोधपत्र, ललितपुरः पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।
७. बोउवार, द सीमोन (२०७५), महिला द सेकेण्ड सेक्स (अनु. रमेश सुनुवार) काठमाडौँ: प्रगति पुस्तक सदन ।
८. लामा, कुमारी (पुस १२, २०७५), 'लोकापर्ण कार्यक्रम' बन्दीपुर टाइम्स, अनलाइन पत्रिका ।
९. त्रिपाठी, सुधा (२०७०), "आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना", विद्यावारिधि शोधप्रबन्ध, कीर्तिपुरः मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।